# भीरकोट नगरपालिका, स्याङ्जा

## आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

नगरसभाबाट स्वीकृत मितिः २०७९।०३।१०

भीरकोट नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यज्यूहरू, भीरकोट नगरपालिकाको नगर सभाको दशौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

भीरकोट नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको दशौं बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । सर्वप्रथम म सम्बत् २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई निर्वाचित गर्नुहुने आदरणीय भीरकोटबासी आमाबुबा, दाजुभाई, दिदीबहिनीहरू लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि नेपाली जनताले इतिहासका विभिन्न कालखण्डमा गर्दै आएका जनआन्दोलनहरूमा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

भीरकोट नगरपालिकाको समृद्धि र विकासका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन जस्ता विषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम भीरकोटबासी तथा सबै पेशा, व्यवसायमा आवद्ध महानुभावहरूको रचनात्मक सहयोग र सुझाव प्राप्त हुने कुरामा विश्वस्त रहेको छु ।

**नगरसभा सदस्यज्यूहरू,**

सीमित स्रोत साधनको अधिकतम परिचालन गरी नगरपालिकाको सर्बाङ्गिण विकास गर्न स्पष्ट दृष्टिकोण, गन्तव्य र लक्ष्य सहित भीरकोट नगरपालिका अगाडि बढीरहेको अवस्थामा कोभिड-१९ महामारीको दोश्रो लहरको संक्रमणको सामना गर्नुपर्दा नगरपालिकाको सेवा प्रवाह, विकास निर्माण लगायतका समग्र गतिविधीहरू प्रभावित भएको र हाल कोभिड-१९ को महामारी न्यून भई आर्थिक क्रियाकलापहरू क्रमशः चलायमान हुँदै गएको विद्यमान परिस्थितिमा चालु आर्थिक वर्ष २०७८/७९ मा हामीले हाँसिल गरेका केही महत्वपूर्ण उपलब्धिहरूलाई यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. संघीय सरकारबाट समपूरक अनुदान शीर्षकमा प्राप्त रकम र नगरपालिकाको संयुक्त लगानीमा गडहरे गुफा पर्यटन पूर्वाधार निर्माणको लागि रू. ४ करोड ७२ लाखको योजना स्वीकृत भई पहिलो चरणको निर्माण कार्य सम्पन्न भईसकेको र दोस्रो चरणको निर्माण कार्य समेत अन्तिम चरणमा पुगेको छ । आगामी दिनमा गुफा क्षेत्रको व्यवस्थित र योजनावद्ध विकास तथा पर्यटकीय स्थल स्वरेक मैदानको नजिकै रहेको फलाँटेमा पर्वतीय ताल निर्माणको लागि उक्त क्षेत्रको भौगर्भिक अध्ययनको कार्य सम्पन्न भएको छ ।

२. भीरकोट नगरपालिकामा उत्सर्जन हुने फोहोरलाई व्यवस्थित रूपमा संकलन गरी फोहोरलाई मोहरमा परिणत गर्ने कार्यक्रम अनुसार व्यवस्थित सरसफाई केन्द्र तथा पार्क निर्माण गर्ने कार्यको लागि संघीय सरकारबाट विशेष अनुदान शिर्षकबाट रू. ३ करोडको कार्यक्रम स्वीकृत भई आएकोमा नियमानुसार बोलपत्र आह्वान गरी विभिन्न संरचना निर्माण र पार्क सौन्दर्यीकरणको कार्य सम्पन्न भएको छ ।

३. आफ्नो कार्यालय भवन नभएका वडा कार्यालयहरूको भवन निर्माण गर्ने कार्यक्रम अनुसार चालु आर्थिक वर्षमा वडा नं. ८ को मोहनडाँडामा वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ।

४. आँधीखोला नदी नियन्त्रणको लागि गण्डकी प्रदेश र नगरपालिकाको सह लगानीमा आँधीखोलाको दुवै तर्फ तटबन्धन गरी सो को माथिल्लो भागमा सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

५. उपभोक्ताहरूलाई सहज रूपमा गुणस्तरीय नदीजन्य निर्माण सामग्री उपलब्ध गराउने र नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने उद्देश्यले स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा तोकिएका स्थान र परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी भीरकोट नगरपालिका वडा नं. १ फर्दवास क्षेत्रमा स्थापित ग्रिजी स्क्रिनिङ भाइब्रेटर मेशिनबाट नदीजन्य निर्माण सामग्री प्रशोधन गर्ने कार्यलाई निरन्तरता दिईएको छ । चालु आ.व. को जेठ मसान्तसम्म उक्त प्रशोधन केन्द्रबाट करिब रू. २ करोड १० लाख आन्तरिक राजस्व प्राप्त भएको छ ।

६. छाङ्छाङ्दी छायाक्षेत्र मन्दिर, स्वरेक मैदान, गडहरे गुफा, भीरकोट सरसफाई केन्द्र लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरूमा आधारभूत पूर्वाधार निर्माणको कार्य सम्पन्न भएको छ । यसबाट आगामी दिनमा नगरपालिकाको आन्तरिक आम्दानीमा उल्लेख्य वृद्धि हुने आधार तयार भएको छ ।

७. भीरकोट नगरपालिकाको नगर सडक यातायात गुरूयोजना (MTMP) निर्माणको कार्य सम्पन्न भएको छ । यसबाट नगरक्षेत्रका सडकको मापदण्ड (Right of way) तोक्न तथा सडक निर्माण कार्यलाई योजनावद्ध र व्यवस्थित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

८. भीरकोट नगरपालिका वडा नं. ८ को ओकादी, वडा नं. २ को केघा र वडा नं. ७ को खिलुङ क्षेत्रमा यस नगरपालिका र गण्डकी प्रदेश सरकारको सहलगानीमा घरबास पर्यटन (होम स्टे) को लागि पूर्वाधार निर्माण र क्षमता विकासका कार्यक्रम सम्पन्न गरिएको छ । यसबाट आगामी दिनमा पर्यटकीय गतिविधीमा वृद्धि भई पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने अवस्था सिर्जना भएको छ।

९. नगरपालिका स्थित सबै विद्यालयहरूमा रहेका बाल विकास केन्द्रमा अध्ययनरत बालबालिकाहरूलाई नगरपालिका, अभिभावक र विद्यालयको साझेदारीमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसले गर्दा बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकास हुनुका साथै विद्यार्थीको विद्यालय आउने दरमा वृद्धि भएको छ ।

१०. गत विगत बर्ष देखि गर्भवती महिलाहरूलाई अण्डा वितरण र विद्यालयमा अध्यनरत बालबालिकाहरूलाई नियमित रूपमा जुकाको औषधी वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसले गर्दा गर्भवती महिला र बच्चाको स्वास्थ्यमा गुणात्मक सूधार भएको छ ।

११. नगरपालिकाको समन्वय, सम्वन्धित उपभोक्ता र खानेपानी तथा ढल व्यवस्थापन विभागको सह-लगानीमा बयरघारी सह-लगानी खानेपानी योजना निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । यो योजना सम्पन्न भए पश्चात वडा नं. १, २ र ४ का करिब एक हजार उपभोक्ताहरूलाई स्वच्छ पिउनेपानी उपलब्ध हुनेछ ।

१२. गण्डकी प्रदेश सरकार र यस नगरपालिकाको सहकार्यमा भीरकोट नगरपालिका वडा ५ र ८ मा करिब २०० रोपनी जग्गा चक्लाबन्दी गर्ने कार्य सम्पन्न भएको छ । यसबाट त्यस क्षेत्रमा कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि भई कृषकको जीवनस्तरमा गुणात्मक सुधार हुने अपेक्षा गरिएको छ ।

१३. पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भए पश्चात पोखरा क्षेत्रका प्याराग्लाइडिङ्ग व्यवसायीहरू भीरकोट नगरपालिका वडा नं. ५ मा अवस्थित स्वरेक मैदान र वडा नं. ७ मा रहेको खीलुङ क्षेत्रतर्फ आकर्षित हुने संभावनालाई दृष्टिगत गरी उक्त क्षेत्रहरूमा संघीय र प्रदेश सरकारको सहलगानीमा प्याराग्लाइडिङ्ग लगायतका अन्य पर्यटकीय पूर्वाधार र साहसिक खेलका लागि समेत संरचना निर्माणका कार्यहरूलाई निरन्तरता दिईएको छ ।

१४. यस नगरपालिकाको वडा नं. ३ मा करिब १४० घरपरिवारले उपभोग गर्ने सानो खोल्सा लिफ्टिङ्ग खानेपानी योजना निर्माणको कार्य सम्पन्नको चरणमा पुगेको छ । यसबाट त्यस क्षेत्रका दलित तथा जनजाती बस्तीमा स्वच्छ पिउनेपानी सुविधा उपलब्ध हुने अपेक्षा गरिएको छ ।

१५. भीरकोट नगरपालिका वडा नं. १ हेलु स्थित कालिका सामुदायिक अस्पतालको स्वामित्व भीरकोट नगरपालिकालाई हस्तान्तरण भई उक्त अस्पताल भीरकोट नगर अस्पतालको रूपमा सञ्चालित छ । अस्पतालको प्रभावकारी सञ्चालन र पूर्वाधार निर्माणको लागि कालिका सामुदायिक स्वास्थ्य सेवा संस्थाको नाममा रहेको करिब ८ रोपनी जग्गा र अन्य संरचना गरी करिब रू. ४ करोड १४ लाख रूपैयाँ मूल्य बराबरको भौतिक सम्पत्ति भीरकोट नगरपालिकामा हस्तान्तरण भई आएको छ । यसबाट स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्नको लागि अस्पताललाई बिरामीको उपचारको प्रथम सेवा बिन्दुको रूपमा विकास गर्ने वातावरण सिर्जना भएको छ ।

१६. भीरकोट नगरपालिकाभित्र स्वास्थ्य चौकी नभएका वडाहरूमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लगानीमा ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको भवन निर्माण कार्य सम्पन्न भई नियमित सेवा प्रारम्भ भएको छ ।

१७. यस नगरपालिकाको सम्पुर्ण वडाहरूको तथ्याङ्क सहितको डिजिटल प्रोफाइल (बस्तुगत विवरण) निर्माण कार्य सम्पन्न भएको छ । यसबाट नगरपालिकाको क्षेत्रगत तथ्याङ्क अद्यावधिक भई तथ्यमा आधारित नीति तथा योजना निर्माण र कार्यान्वयन सुनिश्चित भएको छ ।

१८. नगरपालिकाको वडा नं. १ र ८ मा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना भई सञ्चालनमा आएको छ । आगामी आर्थिक वर्षमा अन्य वडाहरूमा समेत क्रमशः जेष्ठ नागरिक दिवा सेवा केन्द्र भवन निर्माण तथा व्यवस्थापन गरी सेवा बिस्तार गर्दै लगिनेछ ।

१९. नगरपालिकाको केन्द्र बयरघारी बजारको सुरक्षाको लागि सि.सि.टि.भि जडान गरिएको छ । साथै बजारको मध्य भागमा सार्वजनिक शौचालय समेत निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ।

२०. भीरकोट नगरपालिकाका विभिन्न वडाहरूमा नगरपालिकाको स्वामित्वमा रहेका एक्साभेटर र ब्याक हो लोडरबाट आवश्यकता अनुसार ग्रामिण सडकहरूको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईएको छ । चालु आर्थिक वर्षमा सबै वडाहरूमा करिब रू. १ करोड ५० लाख लागत बराबरको सडक स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ ।

२१. भीरकोट नगरक्षेत्रभित्र उत्पादन हुने दुधको संकलन र प्रशोधन गर्न वडा नं. १ आँधीखोला पक्की पूल नजिकै दुध संकलन तथा प्रशोधन केन्द्रको निर्माण कार्य सम्पन्न भएको छ । दुध उत्पादक किसानहरूलाई प्रोत्साहन गर्न दुध ढुवानीमा मासिक रू. ३३ हजार बराबरको अनुदान उपलब्ध गराईएको छ ।

२२. नगरपालिका क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यक्रमको आधारमा स्थानीय पाठ्यपुस्तक "हाम्रो भीरकोट" तयार गरी पठनपाठन कार्यलाई निरन्तरता दिईएको छ ।

२३. सङ्घीय र गण्डकी प्रदेश सरकारसँगको समन्वयमा लक्षित उमेर समूहका कुल १६२९५ जनालाई कोभिड-१९ बिरुद्धको पूर्ण मात्रा खोप र १५ महिनादेखि १५ वर्षसम्मका ५५०० जना बालबालिकालाई टाईफाइड बिरुद्धको खोप प्रदान गरी मिति २०७९ जेठ १५ गते भीरकोट नगरपालिकालाई कोभिड-१९ विरूद्धको पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा गरिएको छ ।

२४. कोभिड-१९ बाट सङ्क्रमित भएका बिरामीको स्वास्थ्य अवस्थाको निरन्तर निगरानी, मनोसामाजिक परामर्श, कोभिड परीक्षण, एम्बुलेन्स संचालन, आइसोलेसन सेवा, कोभिड विशेष अस्पताल सेवा र अक्सिजन सपोर्ट लगायतका सेवाहरु निःशुल्क उपलब्ध गराइएको छ । भीरकोट नगर अस्पताललाई ट्रमा सेन्टरको रूपमा विकास गर्न गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा मेडिकल उपकरण खरिदको कार्य अन्तिम चरणमा पुगेको छ ।

२५. समूहमा आबद्ध बिपन्न वर्ग तथा महिलाहरूलाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर बनाउन कुल ९८ जनालाई विभिन्न किसिमका उद्यमशिलता सम्बन्धी तालिम प्रदान गरिएको छ ।

२६. स्थानीय कानुनका रुपमा नगरपालिकाबाट हालसम्म ८ वटा ऐन र ३२ वटा नीति, नियम, कार्यविधि, निर्देशिका जारी भएकोमा चालु आर्थिक वर्षमा थप १ वटा ऐन र ५ वटा कार्यविधि तथा निर्देशिका जारी गरिएको छ ।

२७. नवनिर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूलाई लक्षित गरी स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्तरसम्बन्धित विषय विषयक ३ दिने क्षमता विकास अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको छ । यसबाट सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि र कर्मचारीको कार्यसम्पादनमा सहयोग पुग्ने विश्वास लिईएको छ ।

**नगरसभा सदस्यज्यूहरू,**

नेपालको संविधानले निर्दिष्ट गरेका राज्यका निर्देशक सिद्धान्त र नीति, नेपाल सरकारले अंगीकार गरेको समष्टिगत आर्थिक नीति, पन्ध्रौं राष्ट्रिय योजना, दिगो विकास लक्ष्य, यस नगरपालिकाको आवधिक रणनौतिक योजना, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरू, राजनौतिक दल, उद्योगी, व्यवसायी लगायत निजी क्षेत्र र नागरिक समाजको सुझाब समेतको आधारमा यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**"समृद्ध भीरकोटको आधारः कृषि, पर्यटन आँधीखोलाको उपहार"** भन्ने मूल नारालाई आत्मसात गर्दै आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) पुर्वाधार विकासः**

१. नगरपालिकाको केन्द्र बयरघारी बजारबाट पूर्व र पश्चिम जोड्ने २ वटा रणनीतिक महत्वका सडक छनोट गरी स्तरोन्नति एवम् कालोपत्रे गर्ने कार्य थालनी गरिनेछ ।

२. आफ्नो भवन नभएका वडा कार्यालयहरूको लागि जग्गा प्राप्ति गरी भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

३. भीरकोट नगरपालिकाको स्वीकृत नगर सडक यातायात गुरूयोजना (MTMP) बमोजिम प्राथमिकताप्राप्त सडक योजनाहरू क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

४. भीरकोट नगरपालिका क्षेत्रभित्र नयाँ सडक निर्माण गर्दा र पुराना सडकको मर्मत सम्भार र स्तरोन्नति गर्दा वातावरणीय प्रभावलाई न्युनिकरण गर्ने उपायहरूको अवलम्बन गरिनेछ।

५. सबै वडाहरूमा 'एक वडा, एक रणनीतिक सडक' छनौट गरी मर्मत, सम्भार र स्तरोन्नति गरी बाह्रै महिना निर्बाध रूपमा सडक सञ्चालन हुने व्यवस्था मिलाइनेछ । यसको लागि वर्षायाममा मूख्य सडकहरूको नियमित रेखदेख र मर्मत सम्भार गर्न प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत लेन्थ वर्कर परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

६. नगरक्षेत्र भित्र रहेका एक वा एक भन्दा वढी वडा समेट्ने गरी निर्माण भएका महत्वपूर्ण सडकहरूलाई क्रमशः स्तरोन्नति गर्नका लागि संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा निर्माण कार्य अगाडि वढाईनेछ ।

७. 'उज्यालो भीरकोट अभियान' अन्तर्गत नगरक्षेत्र भित्रका आवश्यक स्थानमा सडक वत्ति/सौर्य वत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८. नगरपालिकाको बजार क्षेत्रभित्र पक्की सडक निर्माण गर्दा सम्बन्धित उपभोक्ताहरूले अनिवार्य लागत सहभागिता व्यहोर्ने व्यवस्था मिलाइनेछ ।

९. बयरघारी बजार र आसपासको क्षेत्रमा रहेका वस्ती बसाउन योग्य स्थानहरू पहिचान गरी व्यवस्थित र वैज्ञानिक बस्ती विकासका लागि गुरूयोजना तयारीको कार्य अगाडि बढाईनेछ ।

१०. नगरपालिकाको पहिचानको रूपमा रहेको आँधीखोला आसपासका खेतीयोग्य भूमीको संरक्षणको लागि व्यवस्थित तटवन्धन गर्नुको साथै आँधीखोलाको दुवै किनारमा हरित सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

११. नगरक्षेत्रभित्र सडक, खानेपानी, सिंचाई लगायतका पूर्वाधारजन्य आयोजनाहरू निर्माण गर्दा रोजगारी सिर्जना हुने एवम् स्थानीय श्रम, सीप र प्रविधिको उपयोग हुने आयोजना पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१२. चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकी अधुरा रहेका र क्रमागत आयोजनाहरूलाई आवश्यक बजेट विनियोजन गरी सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

१३. नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण गर्दा यौनिक अल्पसंख्यकमैत्री, अपाङ्गमैत्री, ज्येष्ठ नागरिक तथा बालमैत्री हुने गरी विकास निर्माणका कार्यहरू अगाडि वढाउने व्यवस्था मिलाईनेछ ।

१४. नगरपालिकाबाट वार्षिक योजना तर्जुमा गर्दा आवधिक रणनैतिक योजनामा उल्लिखित दीर्घकालिन सोँच, लक्ष्य र उद्देश्य हाँसिल हुने गरी योजना तथा कार्यक्रम छनौट गरिनेछ।

१५. नगरपालिका तथा वडास्तरबाट आयोजनाहरू छनौट गर्दा उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, स्थानीय स्तरबाट जनश्रमदान जुट्ने र दीगोपना भएका आयोजनाहरू छनौट गर्नका लागि प्रोत्साहित गरिनेछ ।

१६. नगरपालिका क्षेत्रभित्र रिङ्गरोड निर्माणको लागि संघीय र गण्डकी प्रदेश सरकारसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१७. भीरकोट नगरपालिकाका वडा नं. ५, ८ र ९ लाई समेटेर वृहत्तर पर्वतीय पर्यटन र पर्यटन पुर्वाधार विकासका लागि एकीकृत गुरूयोजना तयार गर्न संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

१८. भीरकोट नगरपालिका वडा नं. ८ र ९ को सीमानामा पर्ने गडहरे गुफाको भौगर्भिक अध्ययन प्रतिवेदनको आधारमा क्रमशः थप पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

१९. सिमलचौर, पकान फाँट, झारखाम, गेजावास, बलमाटा, मर्तमास लगायतका फाँटहरूमा संघ तथा प्रदेश सरकारसँग सहकार्य गरी व्यवस्थित सिंचाई योजना सञ्चालन गरिने छ।

२०. भीरकोट नगरपालिका क्षेत्रमा रहेका खोलाहरूमा सडक, पुल तथा कल्भर्ट निर्माण गर्ने कार्यलाई संघ र प्रदेश सरकारको सहकार्यमा निरन्तरता दिइनेछ ।

२१. नगरपालिका क्षेत्र भित्रका प्राविधिक रूपमा संभाव्य देखिएका स्थानहरूमा झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाईनेछ ।

२२. नगरपालिकाबाट सञ्चालन गरिने पूर्वाधार निर्माणसंग सम्बन्धित वडास्तरीय तथा नगरस्तरीय योजना तथा कार्यक्रमहरूमा निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न अनिवार्य रूपमा प्रशोधित ढुंगा, गिट्टी तथा बालुवा प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।

२३. नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाईनेछ ।

**ख) सामाजिक विकासः**

२४. भीरकोट नगरपालिकामा स्थायी बसोबास गरेका र भीरकोट नगर अस्पताललाई उपचारको प्रथम सेवा बिन्दु राखी स्वास्थ्य बिमा गरेका अति बिपन्न परिवारको निशुल्क स्वास्थ्य बिमा गर्ने व्यवस्था मिलाईनेछ ।

२५. भीरकोट नगरपालिकामा स्थायी बसोबास गरेका र भीरकोट नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा कम्तीमा चार पटक (चौथो, छैटौं, आठौं र नवौं महिनामा) गर्भ जाँच गरेका र सुत्केरी पश्चात तीन पटक (पहिलो, तेश्रो र सातौं दिनमा) स्वास्थ्य जाँच गरेका सुत्केरी महिलालाई प्रसुती पोषण भत्ता उपलब्ध गराईनेछ ।

२६. भीरकोट नगरपालिकाभित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूमध्ये वृद्ध, अशक्त, अपाङ्गता भएका व्यक्ति र बिरामीहरूलाई सम्बन्धित बैंकसँग समन्वय गरी सम्बन्धित वडाबाट घरघरमै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

२७. **ज्येष्ठ नागरिक उत्थान कार्यक्रम** अन्तर्गत भीरकोट क्षेत्र भित्र रहेका ज्येष्ठ नागरिकहरूलाई एक आपसमा चिरपरिचित गराई उनीहरूको दिनचर्यालाई सहज र सरल बनाउनका लागि **'एक वडा, एक ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र'** निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२८. नगरपालिका क्षेत्र भित्र रहेका बालबालिकाहरूलाई एक आपसमा चिरपरिचित गराउन र फुर्सदको समयमा मनोरञ्जनको लागि 'एक वडा एक बाल उद्यान' निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२९. नगरक्षेत्र भित्र रहेका विभिन्न जातजाति तथा भाषाभाषीहरूको मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराहरूको संरक्षण तथा विकास गर्ने कार्य अगाडि बढाउने व्यवस्था मिलाईनेछ।

३०. नगरक्षेत्र भित्र वसोवास गर्ने फरक क्षमता भएका अपाङ्ग तथा असहाय नागरिकहरूको तथ्याङ्क अद्यावधिक गरी संरक्षण गर्न उनीहरूको सीप तथा क्षमता अनुसारका सीप विकासका कार्यक्रमहरू अगाडि वढाईनेछ । नगरक्षेत्रभित्र रहेका महिलाहरूको सीप तथा क्षमता विकास गरी सशक्तीकरण गर्नुको साथै स्वरोजगारका अवसर प्रदान गरिनेछ ।

३१. नगरक्षेत्र भित्र रहेका अपाङ्ग, दलित, मुस्लिम अल्पसंख्यक, विपन्न, पिछडिएको वर्ग तथा समूहको उत्थान एवम् सशक्तीकरणका लागि आवश्यक पर्ने सीप तथा क्षमता विकास गरी त्यस्ता वर्ग तथा समूदायको परम्परागत पेशा तथा व्यवसायहरूको विशेष संरक्षण र सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ ।

३२. भीरकोट नगरक्षेत्रभित्र बसोबास गर्ने अतिबिपन्न परिवार पहिचान गरी उनीहरूको जिविकोपार्जनको व्यवस्था मिलाईनेछ ।

३३. समाजमा विद्यमान लैङ्गिक हिंसा र लागु पदार्थको दुर्व्यसनी समेतका सामाजिक कुरीतिहरूलाई निरूत्साहित गर्न त्यस्ता गतिविधीहरूको नियन्त्रण तथा रोकथामका कार्यमा संलग्न संघ संस्थाहरूसंगको सहकार्यमा सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरी उनीहरूलाई घर परिवार र समाजमा पुनःस्थापित हुने व्यवस्था मिलाइनेछ ।

३४. नगरक्षेत्र भित्र स्वच्छ पिउनेपानीको पहुँच नभएका बस्ती र परिवारको पहिचान गरी स्वच्छ पिउनेपानीको पहुँच सुनिश्चितता गर्दै एक घर एक धाराको अभियान सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

३५. नगरक्षेत्रभित्र खानेपानी आयोजनाहरू सञ्चालन गर्दा पुराना योजनामा प्रयोग भएका पाइप र अन्य सामग्रीहरूको मर्मत सम्भार गरि पुनः प्रयोग गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३६. भीरकोट नगरपालिकाबाट स्वीकृत स्थानीय पाठ्यक्रमको आधारमा तयार गरिएको कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक समयमै छपाई तथा वितरण गरी नगर क्षेत्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूमा पठनपाठनको व्यवस्था मिलाईनेछ ।

३७. सघन विद्यार्थी भर्ना अभियानको माध्यमबाट विद्यालय जाने उमेरका सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउने, टिकाउने र सिकाउने कार्यलाई निरन्तरता दिईनेछ ।

३८. आमाबाबु गुमाएका विद्यालय जाने उमेरका बालबालिकाको लागि शैक्षिक वृत्तिको व्यवस्था मिलाई कक्षा १२ सम्मको पठनपाठनको व्यवस्था मिलाईनेछ ।

३९. नगरपालिका र सामुदायिक विद्यालयको लागत साझेदारीमा सामुदायिक विद्यालयको एउटा कक्षालाई नमुना कक्षा बनाई पठनपाठन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

४०. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन हुने खालका अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुको साथै विद्यार्थीहरूले अनुभव गर्ने खालका अतिरिक्त शैक्षिक कार्यक्रम सञ्चालन गरी उनीहरूको प्रतिभालाई सीपसंग आवद्ध गराउने व्यवस्था मिलाइनेछ ।

४१. नगरपालिकामा संचालित सामूदायिक विद्यालयहरूको भौतिक सुधार कार्यक्रम बिस्तारको लागि जोड दिइनेछ ।

४२. नगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा आवश्यक पर्ने विषय र क्षेत्रको सम्भाव्यता अध्ययन गरी प्राप्त नतिजाका आधारमा अनुमति लिने प्रक्रिया अगाडि बढाइनेछ ।

४३. आधारभुत तहको कक्षा १ मा भर्ना हुने विद्यार्थीलाई भर्ना हुनुभन्दा अगाडि १ वर्ष बालविकास केन्द्रको अनुभव दिलाए पश्चात मात्र कक्षा १ मा भर्ना गर्ने व्यवस्था मिलाइनेछ ।

४४. बाल विकास केन्द्रको अध्ययन पुरा गरेका बालबालिकाहरूलाई विद्यालयमा स्थानान्तरण गरी अध्ययन कार्यलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने प्रोत्साहनमूलक कार्यक्रम पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

४५. विद्यालयहरूको कक्षा कोठाको शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाइ गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षकहरूको सीप तथा क्षमता अभिवृद्धि गर्न आवश्यकता अनुसार क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४६. वाल विकास केन्द्रको सिकाई उपलब्धिलाई प्रभावकारी र गुणस्तरीय वनाउनका लागि सहयोगी कार्यकर्तालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ ।

४७. नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि सम्बन्धित विद्यालय, अभिभावक र नगरपालिकाको साझेदारीमा दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४८. भीरकोट नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा भईसकेको सन्दर्भमा यसको निरन्तरता र दिगोपनाको लागि स्थानीय आमा समूह, युवा क्लब, टोल विकास समिति, बालक्लब, स्थानीय महिला स्वास्थ्य स्वयं सेविका लगायत अन्य सरोकारवाला व्यक्ति तथा संघ संस्थासंग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ । साथै बालबालिकासँग जोडिने हरेक क्रियाकलापहरू बालमैत्री अवधारणा अनुरूप संचालन गरिनेछ ।

४९. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई वृद्धि गर्न र मूल्यांकन प्रणालीलाई विश्वसनीय बनाउने कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

५०. विद्यालयमा छात्राहरूको नियमितताको लागि निःशुल्क रूपमा स्यानीटरी प्याड उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५१. नेपाल सरकारबाट सञ्चालन भएका स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाइनुका साथै गर्भवती महिलाको पोषण अवस्थामा सुधार गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउनका लागि प्रोत्साहन गरिनेछ । विगत आर्थिक वर्ष देखि सञ्चालनमा रहेका अण्डा वितरण, महिला स्वास्थ्य स्वंयसेविकाहरू र आमा समूहको बैठक सञ्चालन सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

५२. नगरक्षेत्र भित्र पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिनका लागि अनुगमन संयन्त्र बनाइ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

५३. ज्येष्ठ नागरिक, अपाङ्ग, असहाय र गर्भवती महिलाहरूलाई घर-दैलोमा सेवा दिने कार्यलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । यस्तो कार्यमा संलग्न स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ।

५४. नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई चुस्त र व्यवस्थित बनाउन आवश्यक पर्ने पूर्वाधार, जनशक्ति र स्वास्थ्य सामग्री थप गरी गुणस्तरीय सेवा

उपलब्ध गराइनेछ । यसको लागि स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. नेपाल सरकारद्वारा निःशुल्क रूपमा उपलब्ध गराईएका औषधीहरूको उपलब्धतालाई सुनिश्चित गर्दै आर्थिक अवस्था कमजोर रहेका मधुमेह र उच्च रक्तचापका विरामीहरूले प्रयोग गर्ने औषधी निशुल्क रूपमा उपलब्ध गराउने र गर्भवती महिलाहरूलाई नगरपालिकाको तर्फबाट क्यालसियम चक्की निःशुल्क रूपमा वितरण गर्ने गर्ने व्यवस्था मिलाईनेछ ।

५६. नागरिक आरोग्यता प्रवर्द्धन गर्न उपयुक्त आहार, विहार, ध्यान, योग, प्राणायाम आदिबारे सचेतना कार्यक्रमहरु मार्फत नगरबासीलाई निरोगी बन्न प्रोत्साहित गरिनेछ ।

५७. कालिका सामुदायिक स्वास्थ्य सेवा संस्थाको स्वामित्वमा रहेको कालिका सामूदायिक अस्पताल भीरकोट नगर अस्पतालको रूपमा भीरकोट नगरपालिकालाई हस्तान्तरण भएको हुँदा अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति र स्वास्थ्य उपकरणको व्यवस्थापनको लागि संघीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

५८. नगरक्षेत्र भित्र रहेका विभिन्न भाषाभाषी, रीतिरिवाज र धर्म संस्कृतिहरूको अध्ययन/अनुसन्धान, संरक्षण, विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइनेछ।

५९. समय समयमा विभिन्न संघ संस्था वा विशेषज्ञको आर्थिक एवम प्राविधिक सहयोगमा आवश्यकता अनुसार नगरपालिका क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

६०. प्रदेश सरकारको सहयोगमा भीरकोट नगरपालिका वडा नं. १ मा निर्माणाधीन खेलमैदानको स्तरोन्नति गर्न संघीय र प्रदेश सरकारसंग थप बजेट व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।

६१. भीरकोट नगरपालिका वडा नं. १ मा नयाँ ब्याडमिन्टन कभर्डहल निर्माणको लागि संघीय र प्रदेश सरकारसंग बजेट व्यवस्थापनको लागि पहल गरिनेछ ।

६२. बालबालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको सम्भावनाका आधारमा खेलकुद प्रतियोगिता सञ्चालन गरि विद्यार्थी तथा युवाहरूलाई खेलप्रति उत्प्रेरित गराउने व्यवस्था मिलाइनेछ । यसका लागि एक वडा एक खेलमैदान निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

६३. नगरपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थल, मठ, मन्दिर, गुम्वा र मस्जिदहरूको संरक्षण र सम्र्बद्धन गर्ने व्यवस्था मिलाइनेछ ।

६४. नगरक्षेत्र भित्र रहेका बिपन्न बर्ग तथा समूहको सीप तथा क्षमता विकासको लागि सचेतना र प्रविधि हस्तान्तरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६५. नगरक्षेत्रमा अल्पसंख्यक समूदायको भाषा, संस्कृति, परम्परा, जात्रा, नाच, आदिको संरक्षण गरी जगेर्ना गर्ने व्यवस्था मिलाइनेछ ।

६६. भीरकोट नगरपालिका क्षेत्रमा रहेका महिलाहरूको क्षमता अभिवृद्धि र स्वरोजगार कार्यक्रम सञ्चालनको लागि महिलासँग उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ ।

६७. भीरकोट नगरक्षेत्रभित्र बसोबास गर्ने उद्यमी महिलाहरूको पहिचान गरी उनीहरूलाई संगठित गराई सबलीकरण गर्ने व्यवस्था मिलाईने छ ।

६८. भीरकोट नगरपालिकालाई बालविवाह मुक्त र वालश्रम रहित नगरपालिका बनाउन संचालन गरिएका कार्यक्रमहरूलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिईनेछ ।

## ग) आर्थिक विकासः

६९. मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश र भीरकोट नगरपालिकाको लागत साझेदारीमा "भीरकोट नगरपालिकामा बसोबास गर्ने आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका बर्ग तथा समूदायका जनतालाई व्यावसायिक कृषि तथा पशुपालनमा सक्षम बनाई उनीहरूको जीवनस्तरमा सुधार ल्याउने" परियोजना संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

७०. भीरकोट नगरपालिका र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को लागत साझेदारीमा "हरित पुनर्उत्थान तथा कोभिड-१९ प्रतिकार्य पहल परियोजना" संचालनको लागि आवश्यक व्यवस्था मिलाईने छ ।

७१. भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ बमोजिम स्थानीय भूउपयोग परिषद् गठन गरी भूबनोट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग तथा आवश्यकता समेतको आधारमा भूमिलाई कृषि क्षेत्र (खेतीयोग्य जग्गा), गैरकृषि क्षेत्र तथा आवश्यकता अनुसार अन्य उपक्षेत्रहरूमा बर्गीकरण गर्ने व्यवस्था मिलाईनेछ ।

७२. वैदेशिक रोजगारीको शिलशीलामा विभिन्न कारणले रोजगारी गुमाई स्वदेश फिर्ता भएका नागरिकहरूलाई उनीहरूको सीप र दक्षताको आधारमा उत्पादनमूलक कार्यमा लाग्न प्रोत्साहन गरिनेछ ।

७३. ग्रामिण भेगमा बाँझो रहेको जग्गा उपयोग गरी व्यावसायिक खेती गर्ने कृषकहरूलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

७४. भीरकोट नगरपालिका क्षेत्रभित्र अन्नबाली, फलफुल र तरकारी बालीमा बाँदर लगायतका वन्यजन्तुले हानीनोक्सानी पुऱ्याईरहेकोले सम्बन्धित निकायसँग समन्वय गरी बाँदर नियन्त्रणको लागि पहल गरिनेछ।

७५. नगरपालिका क्षेत्रभित्र रहेका गुठी सहितका सार्वजनिक जग्गा तथा सम्पत्तिको लगत तयार गरी संरक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

७६. विगत आर्थिक वर्षदेखि शुरू गरिएको एक घर एक करेसाबारी र एक गाउँ एक नर्सरी कार्यक्रमलाई निरन्तरता दिंदै त्यस्तो कार्यक्रम शुरू गर्ने कृषकहरूलाई आवश्यकता अनुसार मल, बिउ तथा कृषिजन्य आधुनिक उपकरणहरू ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

७७. नगरक्षेत्र भित्र व्यावसायिक फलफुल खेतीमा संलग्न कृषकहरूलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार ५० प्रतिशत अनुदानमा बेर्ना वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

७८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा कृषि ज्ञान केन्द्रसंगको समन्वयमा सुन्तलाको बगैचा व्यवस्थापन, प्रशोधन केन्द्र स्थापना र बजारीकरणको लागि कार्यक्रम संचालन गरिनेछ ।

७९. भीरकोट नगरपालिका क्षेत्रभित्रका उत्कृष्ट कृषकहरू छनोट गरी कृषक सन्तती छात्रवृतिको व्यवस्था गरिनेछ ।

८०. भीरकोट नगरपालिकामा उत्पादित अन्नबाली, फलफुल तथा तरकारी ढुवानीमा सहजता ल्याउन कृषि एम्बुलेन्स संचालन गर्नेतर्फ आवश्यक पहल गरिनेछ ।

८१. भीरकोट नगरपालिकाका बजार क्षेत्रमा पशु वधशाला र मासु भण्डारणको लागि कोल्डस्टोर निर्माण गर्न संभाव्यता अध्ययन गर्ने कार्यको थालनी गरिनेछ ।

८२. नगरक्षेत्र भित्र रहेका व्यावसायिक कृषकहरूलाई मागका आधारमा आवश्यक पर्ने तालिम तथा प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।

८३. नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाहरूको क्षमता विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनुका साथै नियमित अनुगमन र नियमन गर्ने व्यवस्था मिलाइनेछ।

८४. कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लगानीमा भीरकोट नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरूमा मौरी ब्लक कार्यक्रमको निरन्तरताको लागि आवश्यक पहल गरिनेछ ।

८५. भीरकोट नगरपालिकाका अन्तर्गतका सम्पूर्ण वडाहरूमा व्यावसायिक रूपमा कृषि र पशुपालनमा संलग्न कृषकहरूको लगत तयार गरी प्रोत्साहन एवम् क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

८६. नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरूमा पशु स्वास्थ्य शिविर संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

८७. नगरपालिका क्षेत्रभित्र कृषि बाली तथा पशुपंक्षीमा लाग्ने महामारीजन्य रोगको नियन्त्रण र निदानका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

८८. नगरपालिका भित्र मासु र दुध उत्पादनमा वृद्धि गरी आत्मनिर्भर हुनको लागि पशुनश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

८९. नगरक्षेत्रभित्र उत्पादन हुने कृषिजन्य वस्तुहरूको खरिद तथा विक्रि वितरणमा सहजताको लागि भीरकोट उद्योग वाणिज्य संघसँगको समन्वयमा बजार क्षेत्रमा हाट बजार संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

९०. नगरपालिका क्षेत्रभित्र स्थापित घरबास पर्यटन (होम स्टे) को प्रबर्द्धन र विकासको लागि पूर्वाधार निर्माण र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

९१. नगरपालिकाको पर्यटकीय विकासको लागि सम्भाव्यताको आधारमा यान्त्रिक पुल, केवलकार, तथा मोनोरेल निर्माणको लागि उपयुक्त स्थान छनौट गरी अध्ययन शुरू गरिनेछ ।

९२. प्याराग्लाइडिङ्गको लागि उपयुक्त स्थानको रूपमा रहेको खिलुङ्ग क्षेत्रमा पूर्वाधार निर्माण र स्थानीय मौलिक संस्कृतिको जगेर्ना गरी उक्त क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न कार्यक्रम अगाडि बढाइनेछ ।

९३. धार्मिक तथा पर्यटकीय महत्वका छाङ्गछाङ्गदी, स्वरेक मैदान, केघा देउराली मन्दिर, भीरकोट कालिका मन्दिर, गडहरे गुफा, मुल्का बराहा, कोखेको झरना, देउपुजे ढुंगा, नारायणगिरी बाबा मन्दिर, खीलुङ्ग कालिका मन्दिर, ओकादी, भीरकोट दरबार, बराह कालिका मन्दिर, राजेन्द्र भवानी मन्दिर, ढापुक कालिका मन्दिर, कालिकाकोट मन्दिर, दभुङ्ग कालिका मन्दिर, जलदेवी मन्दिर, देवी देउराली मन्दिरलगायतका स्थलहरूको विकास र प्रवर्द्धनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

९४. नगरपालिका क्षेत्रमा पर्यटन प्रर्वद्धनका लागि पर्यटनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालनका लागि आवश्यक सहयोग र समन्वय गरिनेछ ।

९५. ऐतिहासिक पर्यटकीय खेलको पहिचान र पर्यटकीय पदमार्ग स्थलहरूमा पूर्वाधार निमार्ण गर्न संघीय र प्रदेश सरकारसँगको सहकार्य र सहलगानीलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

९६. आँधीखोलामा सिजनलरूपमा जलयात्रा सञ्चालन गर्ने कार्यका लागि सम्बन्धित सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

९७. स्थानीय स्तरमा लघु उद्यमी तयार गरी उनीहरूको ज्ञान, सीप र क्षमताको आधारमा लघु उद्योग स्थापना मार्फत स्थानीय स्तरमा रोजगारी सिर्जनामा सहयोग पुऱ्याईरहेको लघु उद्यम विकास कार्यक्रम (MEDPA) लाई निरन्तरता दिईनेछ ।

९८. नगरपालिकाबाट विभिन्न विषयमा तालिम लिएका व्यक्तिहरूलाई सम्बन्धित विषयको ज्ञान र सीपको आधारमा व्यवसायिक उद्यमतर्फ लाग्नका लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

९९. नगर क्षेत्रभित्र साना तथा लघु उद्यमी तयार गर्नका लागि सम्बन्धित निकायमा उद्योग दर्ता गरि प्रस्ताव सहित आउने उद्यमी वा उद्यमी समूहहरूलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने कार्य प्रारम्भ गरिनेछ ।

१००. नगरपालिका क्षेत्रभित्र संभाव्यताको आधारमा तरकारी तथा अन्नबालीको पकेट क्षेत्र तोकी बिउ उत्पादन गर्ने व्यवस्था मिलाईने छ ।

१०१. नगरपालिका क्षेत्रमा सञ्चालित उद्योग व्यवसायहरूको प्रवर्द्धनका लागि आवश्यक सहयोग र समन्वय गर्ने व्यवस्था मिलाईनेछ ।

१०२. संघीय सरकार तथा प्रदेश सरकारको एक पालिका एक औद्योगिक ग्राम स्थापना गर्ने नीति अनुसार वडा नं. ४ को झारङखोलामा औद्योगिक ग्राम स्थापनाको लागि संघीय तथा प्रदेश सरकार संग समन्वय र सहकार्य गरिनेछ ।

१०३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रमा रहेका बेरोजगार युवा युवतीहरूलाई रोजगारी सृजना हुने खालका श्रममूलक आयोजनाहरू छनौट गरी कार्यान्वयन गरिनेछ । यस्तो कार्यमा नगरपालिकाबाट बस्तुगत सहायता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

१०४. पर्यटकीय गन्तव्य स्थलमा सूचीकृत भएको स्वरेक मैदानमा विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसारको पूर्वाधार निर्माण कार्य अगाडि बढाउनका लागि संघीय तथा प्रदेश सरकारसंग सहकार्य र सहलगानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०५. नगरपालिकाको गौरवको रूपमा रहेको छाङ्छाङ्दी छायाक्षेत्रको समग्र विकासको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुरूप पूर्वाधार विकास गर्न संघीय र प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ ।

१०६. भीरकोट नगरपालिका वडा नं. १ फर्दबासमा ढुङ्गा, गिट्टी, वालुवा लगायत नदी जन्य निर्माण सामग्रीको प्रशोधन गरी आम उपभोक्ताहरूलाई गुणस्तरीय निर्माण सामग्री उपलव्ध गराउनको लागि ग्रिजी स्क्रिनिङ भाइब्रेटर मेशिन स्थापना गरिएकोमा यसको प्रभावकारी संचालन र व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१०७. कृषि तथा पशु विकास कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि एक वडा एक कृषि प्राविधिक व्यवस्था गर्ने नीति लिइनेछ ।

१०८. नगरपालिकाका विभिन्न वडाहरूमा आइ.पि.एम. पाठशाला सञ्चालन गरिनुको साथै साना सिँचाई/थोपा सिँचाइ कार्यक्रम सञ्चालन गरी व्यवस्थित रूपमा खेती गरी तरकारी खेतीमा आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

१०९. भीरकोट नगरपालिका वडा नं. ३ को देउपुजे ढुंगा क्षेत्र, मुल्का वराह र कोखे छहरा क्षेत्रमा एकिकृत पर्यटन पूर्वाधार निर्माणको लागि गुरूयोजना तयार गरी निर्माण कार्य अगाडि बढाईनेछ ।

११०. गण्डकी प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा भीरकोट नगरपालिकाका विभिन्न स्थानहरूमा रहेको खेतीयोग्य जमिनलाई चक्लाबन्दी गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१११. उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने व्यावसायिक कृषकहरूलाई उत्पादनको आधारमा थप अनुदान दिने व्यवस्था मिलाइनेछ । साथै पशुपंक्षी तथा बालीको संरक्षणको लागि सरोकारवाला निकायहरूको समन्वयमा पशु तथा बाली बिमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

११२. नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरूमा माटो परीक्षण र अन्य सम्भाव्यताको आधारमा एउटा वडामा कम्तीमा एउटा कृषि पकेट कार्यक्रम सञ्चालन गर्ने र यस्तो

कार्यक्रम सञ्चालन गर्दा सम्वन्धित उपभोक्ताहरूको ५० प्रतिशत लागत सहभागिता सुनिश्चित गर्ने व्यवस्था मिलाईनेछ ।

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः

११३. नगरपालिकाक्षेत्र भित्र पूर्वाधार निर्माण गर्दा बातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखि वातावरणमैत्री कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउने व्यवस्था मिलाइनेछ।

११४. नगरक्षेत्र भित्र उत्सर्जन हुने फोहोर संकलन गर्ने कार्यलाई बिस्तार गरी हरेक वडामा पुऱ्याइनेछ र सो को लागि संकलन केन्द्र निर्माण गर्ने व्यवस्था मिलाइनेछ । यसरी उत्सर्जन हुने फोहोरको वर्गिकरण गरी कुहिने फोहोरलाई उत्पादन स्थलमा नै प्राङ्गारिक मल बनाउन प्रोत्साहन गरिनेछ । नकुहिने खालका पुनः प्रयोग गर्न सकिने फोहोरको विक्री मुल्य कायम गरी खरिद विक्री गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११५. सरसफाईका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी पूर्णसरसफाई युक्त नगरपालिका बनाउन शौचालय नभएका अति विपन्न नागरिक र कच्ची शौचालय भएका नगरवासीलाई पक्की शौचालय निर्माण गर्न आवश्यक पर्ने न्यूनतम निर्माण सामग्री सम्वन्धित टोल विकास समिति र वडा कार्यालयको सिफारसको आधारमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

११६. नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा मानवीय कारणले हुन सक्ने विभिन्न प्रकोपजन्य क्षतिलाई न्युनीकरण गर्न आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

११७. भीरकोट नगरपालिकाको विपद प्रतिकार्य योजना तर्जुमा गरी लागु गरिने छ ।

११८. नगरपालिका क्षेत्र भित्र पर्ने आँधीखोला, दरौं खोला, लुब्दीखोला लगायतका अन्य खोलानाला आसपासको उर्वर खेतीयोग्य जमिनको संरक्षण गरी नदी नियन्त्रणको लागि तटबन्धनका योजनाहरू सञ्चालन गर्नुका साथै आँधीखोलाको एकिकृत विकासको लागि गुरूयोजना तयार गर्ने कार्यलाई अगाडि वढाइनेछ । उक्त गुरूयोजना तयार भए पश्चात संघीय तथा प्रदेश सरकारसँगको सहकार्य र सहलगानीमा व्यवस्थित निर्माण कार्य अगाडि वढाइनेछ ।

११९. सुन्दरचौर बनस्पती सूचना केन्द्रमा बोटानिकल पार्क निर्माण गरी पर्यापर्यटनको रूपमा विकास गर्न सम्बन्धित सरोकारवालाहरू संगको सहकार्यमा पूर्वाधार निर्माण र व्यवस्थापन गर्ने कार्य अगाडि बढाईनेछ ।

१२०. नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तालतलैया, पोखरी र चौतारीहरूको मर्मत सम्भार, जिर्णोद्धार र संरक्षण गरी अभिलेखीकरण गरिनेछ । पुरात्तात्विक तथा ऐतिहासिक महत्वका रूपमा रहेका पोखरी तथा ताल-तलैयाहरूको आवश्यकता अनुसार पुनःनिर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

१२१. नगरक्षेत्रभित्र आयोजनाहरूको कार्यान्वयन गर्दा वातावरणीय असरलाई न्यूनीकरण गर्ने उपायहरूको अबलम्बन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१२२. नगरपालिका क्षेत्रभित्र सार्वजनिक, ऐलानी र पर्ती जग्गा पहिचान गरी उक्त क्षेत्रमा फलफूल लगायत आम्दानी हुने खालका विरुवाहरू रोप्ने कार्य अगाडि बढाइनेछ ।

१२३. वातावरणीय प्रदुषण न्युनिकरण गर्न र सडक सुरक्षा समेतको कार्यको लागि सडकको दायाँवायाँ वृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ ।

१२४. नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समिति र वन कार्यालयसँगको समन्वयमा सामुदायिक वनभित्र रहेका कुकाठ हटाई आय आर्जन गर्ने खालका रुख रोप्ने गर्ने कार्य अगाडि वढाइनेछ ।

१२५. नगरपालिका क्षेत्रभित्र घनावस्ती रहेका क्षेत्रहरूमा सरोकारवाला निकायहरूसँग समन्वय गरी व्यवस्थित ढल निकासको व्यवस्था मिलाइनेछ ।

१२६. फोहोरमैला व्यवस्थापन केन्द्रमा संकलन भएको फोहोर मध्ये पून:प्रयोगमा आउने फोहोरलाई सिसाजन्य, कागजजन्य र प्लाष्टिकजन्य फोहोरको रूपमा बर्गीकरण गरी बिक्री वितरण गर्ने र कुहिने फोहोरलाई प्रशोधन गरी जैविक मल उत्पादन गर्ने कार्यको शुरूवात गरिनेछ ।

**ङ) सुशासन तथा संस्थागत विकासः**

१२७. नगरपालिकाबाट प्रदान गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाईनेछ । सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिकप्रति उत्तरदायी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ ।

१२८. नगरपालिकामा कार्यरत कर्मचारीलाई जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी बनाई कार्यसम्पादनलाई नतिजामूखी बनाउन साउन मसान्तभित्र परिमाणात्मक तथा मापनयोग्य सूचक सहित नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षसंग तथा प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा प्रमुख र वडा सचिवसँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाईनेछ ।

१२९. भीरकोट नगरपालिकामा कार्यरत करारतर्फका कर्मचारीहरूको “करार सेवामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८” बमोजिम करार सम्झौताको म्याद थप गरिनेछ ।

१३०. नेपालको संविधानको अनुसूची-८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरूमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ।

१३१. विगत आर्थिक वर्षमा तर्जुमा भएका ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधीहरूको समयानुकुल संशोधन तथा परिमार्जन गर्ने र यसको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१३२. न्यायिक समिति र अन्य उपसमितिका पदाधिकारीहरूको क्षमता विकासका लागि आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

१३३. नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरू मध्येबाट उत्कृष्ट काम गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

१३४. नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्वाचित पदाधिकारी, कर्मचारी र उपभोक्ता समितिमा रहेका पदाधिकारीहरूलाई कार्यक्रम कार्यान्वयन र अनुगमनसँग सम्बन्धित विषयमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१३५. नगरपालिका तथा वडास्तरबाट सम्पादन भएका विकास निर्माण र सेवा प्रवाह सम्बन्धी कार्यहरूको सार्वजिनक सुनुवाई, सामाजिक परीक्षण, नागरिक सन्तुष्टी सर्वेक्षण जस्ता सेवाग्राहीप्रति उत्तरदायी हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१३६. उत्कृष्ट काम गर्ने उपभोक्ता समितिहरूलाई उनीहरूले गरेको कार्यको कदरस्वरूप प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१३७. नगरपालिकाबाट तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका कोषहरू स्थापना गरी आवश्यकता र आर्थिक श्रोतको उपलब्धताको आधारमा रकम जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

१३८. नगरपालिका र वडा कार्यालयहरूबाट संकलन गरिने कर, दस्तुर, सेवा शुल्कजस्ता कर तथा गैरकर राजस्व संकलनको कार्यलाई सहज र सूचना प्रविधिमैत्री बनाई राजस्व लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई चुस्त बनाउन नगरपालिका र अन्तर्गतका वडाहरूमा Web Based सफ्टवेयरलाई प्रभावकारी रूपमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१३९. नगरपालिकाको आन्तरिक आम्दानी वृद्धिको लागि करको दायरा बिस्तार गरिनेछ । नगरपालिकाबाट तोकिए बमोजिमका सेवा शुल्क, कर तथा दस्तुरहरू सहज, सरल र नियमित रूपमा बुझाउने करदातालाई प्रोत्साहन गरिनेछ ।

१४०. नगरपालिकाको नीति, निर्णय, योजना तथा कार्यक्रम कार्यान्वयनमा वेवास्ता तथा अवरोध गर्ने व्यक्ति, संस्था वा निकायहरूलाई विषयबस्तुको गाम्भिर्यता यकिन गरी नगरपालिका वा अन्तर्गतका कार्यालयहरूबाट उपलब्ध गराईने सेवाबाट वञ्चित गर्न सकिनेछ ।

१४१. नगरपालिकाबाट तयार गरिएको डिजिटल प्रोफाइलमा वडा कार्यालयहरूबाट तथ्याङ्क अद्यावधिक गरी यसलाई सुचनाको श्रोतको रूपमा उपयोग गरिनेछ ।

१४२. नगरपालिका क्षेत्रभित्र भवन तथा सडक निर्माण गर्दा शहरी विकास तथा भवन निर्माण मापदण्ड र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको भवन निर्माण सम्बन्धी

व्यवस्था तथा स्वीकृत नगर सडक यातायात गुरूयोजनामा तोकिएको मापदण्डको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१४३. नगरपालिकामा कार्यरत स्थानीय तह तर्फका स्थायी कर्मचारीहरूको योगदानमा आधारित अवकाश कोषमा रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ ।

१४४. स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदनको आधारमा रिक्त पदहरूमा क्रमशः स्थायी पदपूर्तिको प्रक्रिया अगाडि बढाईनेछ ।

१४५. नगरपालिकाबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न तयार गरिएको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१४६. नगरपालिका र अन्तर्गतका वडामा कार्यरत पदाधिकारी र कर्मचारीको क्षमता विकास गर्न कम्प्युटर लगायतका सूचना प्रविधिसँग सम्बन्धित अन्य तालिम कार्यक्रम संचालन गरिनेछ।

१४७. नगरपालिकाका विषयमा कलम चलाउने र यसका गतिविधिलाई नियमित रूपमा पाठकहरू समक्ष पुऱ्याउने कार्यमा योगदान गर्ने लेखक, पत्रकार, संचारकर्मी तथा मिडियासँग आवश्यकता अनुसार सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४८. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता भएका उद्योग, व्यापार व्यवसाय, संघ संस्था, वित्तिय तथा सहकारी संस्थाहरू समेतको विवरण अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१४९. नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा, त्यस्तो सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क, सेवा प्रदान गर्ने जिम्मेवार शाखा एवम् पदाधिकारी र सेवा लिनका लागि आवश्यक पर्ने कागजात तथा समय समेत उल्लेख भएको विद्युतीय नागरिक वडापत्र तयार गरी क्रमशः नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूमा समेत बिस्तार गर्ने व्यवस्था मिलाईनेछ ।

१५०. वडा कार्यालयहरूबाट प्रदान गरिने सेवा सुविधालाई सुरक्षित, प्रविधिमैत्री तथा अनुगमनयोग्य बनाउनका लागि आफ्नो भवन भएका वडा कार्यालयहरूमा सि.सि.टि.भि. जडान गर्ने कार्यलाई क्रमशः अगाडि वढाईनेछ ।

१५१. नगरपालिकाको शान्ति सुरक्षा व्यवस्थालाई भरपर्दो बनाउनका लागि बयरघारी बजार क्षेत्रमा इलाका प्रहरी कार्यालय र वडा नं. ३ लगायतका अन्य आवश्यक स्थानहरूमा प्रहरी चौकी स्थापना गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

१५२. नगरक्षेत्रमा बिगतदेखि प्रचलनमा रहेका करका दर र दायरालाई आवश्यकता अनुसार परिमार्जन गरी नगरक्षेत्र भित्र बिगतमा मापदण्ड विपरित बनेका संरचनाहरूलाई करको दायरामा ल्याउने व्यवस्था मिलाईनेछ ।

१५३. नगरपालिका र वडा कार्यालयहरूबाट सम्पादन हुने कामलाई सूचना प्रविधिमैत्री बनाईनेछ । यसका लागि नगरपालिका र सबै वडा कार्यालयहरूमा भरपर्दो इन्टरनेट सेवाको सुनिश्चितताको लागि ईन्टरनेट सेवाप्रदायक संस्थासँग सम्झौता गरिनेछ ।

१५४. भीरकोट नगरपालिका अन्तर्गतका सरकारी कार्यालय, सामूदायिक विद्यालय, स्वास्थ्य संस्था र सामूदायिक भवनहरूमा क्रमशः Free Wi-Fi जडान गर्ने कार्यको शुरूवात गरिनेछ।

१५५. नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण वडामा निर्माण भएका घरहरूमा घर नं. अंकित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

अन्त्यमा, आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, संचारकर्मी, निजी क्षेत्र, नागरिक समाजका व्यक्तित्वहरू, संघ संस्था प्रमुखहरू लगायत सम्पूर्ण सरोकारवाला महानुभावहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।